## माननीय आर्थिक मामिला मन्त्री बहादुर सिंह थापाले सुदूरपश्चिम प्रदेश सभा समक्ष प्रस्तुत गर्नु भएको

# विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता

सुदूरपश्चिम प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

धनगढी ,कैलाली

२०८३ जेठ, १२

***https://moea.sudurpashchim.gov.np***

**माननीय सभामुख महोदय,**

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ११ बमोजिम आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताहरु प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

राष्ट्र र जनता प्रति समर्पित भई राजनीतिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्दछु। नेपालको समग्र राजनीतिक परिवर्तनका क्रममा भएका आन्दोलनका घाइते र बेपत्ता भएका नागरिकहरूप्रति सम्मान प्रकट गर्दै त्यस्ता युगान्तकारी प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रज तथा शिखर व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

प्रदेश सरकार सुशासन कायम गरी सेवा प्रवाहमा सुधार गर्दै उपलब्ध सीमित स्रोत साधनको कुशल र प्रभावकारी परिचालन गरी प्रदेशको दिगो, समावेशी तथा न्यायपूर्ण आर्थिक तथा सामाजिक विकास र सम्बृद्धि हासिल गर्न प्रतिबद्ध रहेको छ। यसै उद्देश्य प्राप्तिमा सहयोग पुर्‍याउन आर्थिक बर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमका लागि विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकताहरु प्रस्तुत गरेको छु।

विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता तय गर्दा मैले नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, सोह्रौं योजना, सुदुरपश्चिम प्रदेशको आवधिक योजनाका लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्यहरू, चुनावी घोषणापत्र लगायतका अन्य माध्यमबाट जनतासमक्ष गरेका प्रतिबद्धतालाई प्रमुख मार्ग दर्शन तथा बजेट तर्जुमाको आधार मानेको छु।

**माननीय सभामुख महोदय,**

आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि देहायका सिद्धान्तहरूलाई आधार बनाइएको छ।

## अ) सुशासन, डिजिटल रूपान्तरण र संस्थागत सुदृढीकरण

१) नेपालको संविधानद्वारा निर्देशित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्दै प्रदेश सम्बृद्धिको दीगो आधारशीला निर्माण गर्ने र अन्तर सरकारी समन्वयलाई प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिको समुचित प्रयोग गरी सरल, छरितो, पारदर्शी, जवाफदेही, नतिजामुखी र नागरिकमैत्री बनाउने।

२) प्रदेश सरकारका मन्त्रालय तथा मातहत निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यभार, जनसंख्या, भूगोल, लागत, अपेक्षित प्रतिफल तथा सेवा आवश्यकताका आधारमा प्रशासनिक पुनर्संरचना गर्ने। दोहोरोपन भएका, निष्क्रिय वा न्यून प्रभावकारिता भएका संरचनाको समायोजन, एकीकरण वा पुनर्गठन गर्ने। नीति निर्माण, योजना छनोट तथा स्रोत विनियोजनलाई तथ्याङ्क, प्रमाण र परिणाममा आधारित बनाउने।

## आ) दिगो सार्वजनिक वित्त व्यवस्थापन तथा वित्तीय अनुशासन

१) स्रोतको दीगो परिचालन र लगानीको वातावरण निर्माण गर्ने; उत्पादनमुखी, रोजगारी सिर्जना र गरिबी निवारण कार्यक्रममा जोड दिने। प्रदेशका आर्थिक सम्भावना तथा अवसरका क्षेत्र पहिचान र विकास गरी प्रदेशको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने, अनुत्पादक खर्च रोक्ने, आर्थिक पारदर्शिता तथा वित्तिय उत्तरदायित्व कायम गर्ने।

२) सीमित स्रोत-साधनको उच्चतम उपयोग सुनिश्चित गर्न बजेट प्रणालीलाई नतिजामुखी, उत्तरदायी, पारदर्शी बनाउँदै वित्तीय अनुशासन कायम गर्ने। आयोजना छनोट, प्राथमिकीकरण तथा बजेट विनियोजन प्रक्रियालाई आर्थिक सम्भाव्यता, लाभ-लागत विश्लेषण, सामाजिक प्रतिफल, रोजगारी सिर्जना, आयोजनाको पूर्व तयारीका आधारमा व्यवस्थित गर्ने।

३) आयोजना बैंक र मध्यमकालीन खर्च संरचनालाई बजेट प्रक्रियासँग प्रभावकारी रूपमा आबद्ध गर्ने। प्रदेश गौरव, बहुबर्षिय, क्रमागत तथा सम्पन्नोन्मुख आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाई पुँजीगत खर्च बढाउने र अनुत्पादक खर्च नियन्त्रण गरी वित्तीय अनुशासन कायम गर्ने। आन्तरिक राजस्व परिचालन सुदृढ

गर्दै सार्वजनिक निजी साझेदारी, सहलगानी, हरित वित्त, विकास वित्त तथा वैकल्पिक वित्तीय स्रोत परिचालन गर्ने।

## इ) उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरण

१) दीर्घकालीन आर्थिक वृद्धिमा टेवा पुऱ्याउन र रोजगारीका अवसरहरु सिर्जना गर्न सुस्त गतिमा वृद्धि भई रहेका कृषि, उत्पादनमूलक उद्योग तथा उच्च मूल्यका सेवा क्षेत्रहरुको संरचनात्मक सुधारबाट उत्पादनमुखी अर्थतन्त्रमा रुपान्तरण गर्ने। यसका लागि कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रीकरण तथा आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने। स्थानीय स्रोत, सीप र कच्चा पदार्थमा आधारित उद्योग, उद्यमशीलता, स्टार्ट-अप तथा निर्यात योग्य सेवा व्यवसायलाई प्रवर्द्धन गर्ने। पर्यटन पूर्वाधार विकास, सेवा व्यापार, डिजिटल अर्थतन्त्र, ऊर्जा तथा वनमा आधारित उत्पादनशील क्षेत्रहरुको प्रवर्द्धन गर्ने।

२) युवा, महिला, बैदेशिक रोजगारबाट फर्किएका आप्रवासी श्रमिक, दलित, थारू, विपन्न तथा दुर्गम क्षेत्रका समुदाय लक्षित सीप, स्वरोजगार, उद्यम विकास तथा आय आर्जन कार्यक्रमहरु सञ्चालन गर्ने। गरिबी न्यूनीकरणलाई उत्पादनशील रोजगारीसँग आबद्ध गर्दै लक्षित जीविकोपार्जन कार्यक्रम, सामाजिक सुरक्षा तथा वित्तीय पहुँच विस्तार गर्ने।

## ई) गुणस्तरीय तथा उत्थानशील पूर्वाधार विकास

१) पूर्वाधार विकासमा जलवायु अनुकूलता, विपद् जोखिम न्यूनीकरण, सञ्चालन-मर्मतसम्भार तथा दिगोपनालाई अनिवार्य आधार मानी बजार पहुँच विस्तार र उत्पादन लागत घटाउने ।

२) रणनीतिक सडक, पुल, यातायात, खानेपानी, सिँचाइ, ऊर्जा, डिजिटल तथा सामाजिक पूर्वाधारको विकासलाई प्रदेशको रूपान्तरणको आधारका रूपमा अघि बढाउन ग्रामीण तथा दुर्गम क्षेत्रको पहुँच सुधार, सुरक्षित खानेपानी सेवा, लिफ्ट तथा सतह सिँचाइ प्रणाली, ग्रामीण विद्युतीकरण तथा डिजिटल कनेक्टिभिटी विस्तारलाई निरन्तरता दिने।

३) पूर्वाधार विकासमा जलवायु अनुकूलता, विपद् जोखिम न्यूनीकरण, सञ्चालन तथा मर्मतसम्भार खर्च न्यूनीकरणलाई अनिवार्य आधारको रूपमा अवलम्बन गर्ने।

## उ) मानव पूँजी विकास, सामाजिक न्याय र समावेशी विकास

१) लैङ्गिक उत्तरदायी, समावेशी तथा परिणाममुखी बजेट प्रणालीलाई संस्थागत गर्दै शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद क्षेत्रलाई मानव पूँजी विकासका आधारस्तम्भका रूपमा सुदृढ गर्ने। शिक्षालाई सीपयुक्त, जीवनोपयोगी, प्रविधिमैत्री तथा रोजगारमुखी बनाइने। स्वास्थ्य क्षेत्रमा आधारभूत पहुँच, दक्ष जनशक्ति, औषधि, उपकरण, टेलिमेडिसिन तथा मातृ-शिशु स्वास्थ्य सेवाको सुदृढीकरण गर्ने।

२) दलित, महिला, थारू, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, पिछडिएका वर्ग तथा दुर्गम क्षेत्रका नागरिकका लागि समन्यायिक पहुँच सहितको सामाजिक सुरक्षा, स्वरोजगार, क्षमता विकास तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने।

## ए) दिगो तथा उत्थानशील विकास

१) प्रदेशको विकासमा दिगोपना तथा उत्थानशीलतालाई केन्द्रमा राख्दै प्राकृतिक स्रोत-साधनको संरक्षण र विवेकपूर्ण उपयोग, वातावरणीय सन्तुलन कायम गर्दै भावी पुस्ताका लागि स्रोत सुनिश्चित गर्ने तथा आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासलाई दीगो र जोखिम-प्रतिरोधी बनाउने मूल दृष्टिकोण अवलम्बन गर्ने। जलवायु परिवर्तनबाट कृषि, खानेपानी, वन, जैविक विविधता, स्वास्थ्य तथा पूर्वाधार क्षेत्रमा पर्ने असर न्यूनीकरण गर्दै जलवायु उत्थानशील र अनुकूलन क्षमता विकास प्रणाली प्रवर्द्धन गर्ने।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयक, २०८३ का प्राथमिकताहरू प्रस्तुत गर्दछु।

## अ) नीतिगत, संस्थागत तथा डिजिटल सुशासन सुदृढीकरण

१) प्रदेश सरकारले प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा आधारित बनाई छिटो, छरितो र गुणस्तरयुक्त बनाइनेछ। डिजिटल पूर्वाधारको निर्माण, साइबर सुरक्षा सुदृढीकरण, डिजिटल साक्षरता विकास तथा नवप्रवर्तन र उद्यमशीलतालाई प्रवर्द्धन गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, यातायात र सार्वजनिक वित्त व्यवस्थापन लगायतका क्षेत्रमा प्रविधिमैत्री प्रणालीको विकासका लागि डिजिटल नेपाल फ्रेमवर्कसँग तादम्यता हुने गरी प्रादेशिक रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

२) प्रदेशमा सुशासन, सेवा प्रवाह, आर्थिक विकास तथा जनसहभागिता अभिवृद्धिका लागि सूचना प्रविधिमा आधारित प्रशासनिक प्रणाली, विद्युतीय सेवा प्रवाह, डिजिटल अभिलेखीकरण, अनलाइन भुक्तानी प्रणाली तथा एकीकृत तथ्याङ्क व्यवस्थापनलाई विस्तार गरी सार्वजनिक सेवामा पारदर्शिता, प्रभावकारिता र पहुँच अभिवृद्धि गरिनेछ।

३) सवारी चालक अनुमति पत्र र सवारी साधन दर्ता प्रणालीलाई सुदृढीकरण गरी राजस्व व्यवस्थापन प्रणालीमा अन्तरआवद्धता कायम गरिनेछ। व्यसाय दर्ता र नविकरण प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाईनेछ। परम्परागत, जटिल, प्रक्रियामुखी कार्य प्रणालीलाई पुनरावलोकन गरी सरल, छरितो, प्रविधिमैत्री र नतिजामुखी बनाउन प्रादेशिक संरचनाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ। कार्यक्षेत्रमा दोहोरोपन भएका, निष्क्रिय वा न्यून प्रभावकारिता भएका संरचनाको समायोजन, एकीकरण वा पुनर्गठन गरिनेछ।

४) प्रदेशको आर्थिक, सामाजिक तथा प्रशासनिक व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक कानुन तर्जुमा, संशोधन, सरलीकरण तथा अद्यावधिक गरिनेछ। सेवा प्रवाह, लगानी प्रवर्द्धन, सार्वजनिक—निजी साझेदारी, सहकारी, उद्योग, डिजिटल शासन तथा तथ्याङ्क व्यवस्थापनसँग सम्बन्धित नीतिगत तथा कानुनी सुधारलाई प्राथमिकता दिइनेछ।

५) प्रदेश तथ्याङ्क प्रणाली, भू-सूचना प्रणाली तथा डिजिटल अनुगमन प्रणालीमार्फत निर्णय प्रक्रियाको गुणस्तर अभिवृद्धि गरिनेछ। सेवा प्रवाह, नीति निर्माण र साधनस्रोतको उपयोगका सबै तहमा भ्रष्टाचारजन्य क्रियाकलापलाई कुनै पनि

स्वरुपमा स्वीकार नगर्ने, कडाइका साथ रोकथाम, नियन्त्रण र दण्डित गर्न शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

## आ) वित्तीय अनुशासन, नतिजामुखी सार्वजनिक खर्च तथा सार्वजनिक वित्त व्यवस्थापनमा सुधार

१) सार्वजनिक स्रोत तथा साधनको मितव्ययी, पारदर्शी, उत्तरदायी र नतिजामुखी परिचालनमार्फत वित्तीय अनुशासन सुदृढ गर्दै बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई उपलब्धि तथा नतिजामा आधारित बनाईनेछ। प्रदेश गौरव, रणनीतिक महत्व तथा बहुवर्षीय आयोजनालाई तोकिएकै समयमा सम्पन्न गर्ने गरी स्रोत व्यवस्था गरिनेछ।

२) सम्भाव्यता अध्ययन, बिस्तृत परियोजना प्रतिवेदन, जग्गा प्राप्ति लगायतका पूर्व तयारी पूरा भएका आयोजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। प्रदेश सरकारले आवश्यक ठानेका तथा नयाँ पहिचान गरेका आयोजना तथा कार्यक्रमहरूको सम्भाव्यता अध्ययन एवं बिस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक प्रबन्ध गरिनेछ।

३) अधुरा आयोजना सम्पन्न गर्न बाहेक प्रदेश सरकारबाट रू २५ लाख भन्दा कमका विकास आयोजनाहरूमा बजेट विनियोजन नगर्ने र २५ लाख भन्दा कमका आयोजनाहरू कार्यान्वयन गर्नुपर्ने अवस्थामा वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहबाट सम्पादन गराउने।

४) आन्तरिक नियन्त्रण तथा लेखापरीक्षणलाई सुदृढ गरी सार्वजनिक खर्चमा दक्षता तथा जवाफदेहिता अभिवृद्धि गरी अनुत्पादक खर्च नियन्त्रण गरिनेछ। प्रदेशको समग्र पूँजीगत खर्चको गुणस्तर र प्रतिफल सुनिश्चित गर्न बहुवर्षीय दायित्व व्यवस्थापन, ठेक्का व्यवस्थापन र भुक्तानी प्रणालीलाई व्यवस्थित गरिनेछ।

५) राजस्व प्रशासन तथा सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई प्रविधिमा आधारित र करदातामैत्री बनाउँदै आन्तरिक राजस्व परिचालनको दायरा विस्तार गरिनेछ। बजेट, लेखाङ्कन, प्रतिवेदन र सम्पत्ति व्यवस्थापनलाई एकीकृत तथा वास्तविक समय आधारित बनाइनेछ। वित्तीय संघीयताको मर्म अनुरूप अन्तरसरकारी वित्त

व्यवस्थापन, वित्तीय हस्तान्तरण, तथा समन्वय प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

६) संघ, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाहरूमा दोहोरो नपर्ने र एकअर्काको परिपुरक हुने गरी समन्वयात्मक तवरले कार्यान्वयनका लागि बजेट विनियोजन गरिनेछ।

## इ) उत्पादन वृद्धि, कृषि आधुनिकीकरण, उद्योग प्रवर्द्धन तथा रोजगारी सिर्जना

१) प्रदेशमा रोजगारीका अवसर सिर्जना गरी आर्थिक रूपान्तरण गर्न कृषि, पशुपालन, पर्यटन, सेवा व्यापार, ऊर्जा तथा वन क्षेत्रका मूल्य श्रिङ्खलामा आधारित उत्पादन तथा उत्पादकत्व बृद्धिका उद्योग तथा व्यवसायको विकासलाई प्रवर्द्धन गरिनेछ।

### (क) कृषि तथा पशुपन्छी क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण

(१) कृषि तथा पशुपन्छी क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरणलाई उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा आय वृद्धिसँग प्रत्यक्ष रूपमा जोड्दै यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखिनेछ। परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई क्रमशः रूपान्तरण गर्दै व्यवसायिक कृषि प्रणाली विकास, यान्त्रीकरण, उन्नत प्रविधि प्रयोग, गुणस्तरीय बीउबिजन तथा नस्ल सुधारमार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ।

(२) यसका लागि सिंचाई सुविधा विस्तार, जलवायु-अनुकूल कृषि प्रणाली, कृषि बीमा, प्राविधिक सेवा तथा किसानमैत्री सूचना प्रणालीको पहुँच विस्तार गरी जोखिम न्यूनीकरण र उत्पादन स्थायित्व सुनिश्चित गरिनेछ। कृषि तथा पशुपन्छी मूल्य श्रृंखला विकास अन्तर्गत प्रशोधन, भण्डारण, कोल्ड चेन, गुणस्तर परीक्षण तथा बजार पहुँच विस्तारलाई प्रभावकारी बनाइनेछ।

(३) सामूहिक खेती, करार खेती तथा पकेट क्षेत्र विकास मार्फत उत्पादनमा परिमाणात्मक लाभ कायम गर्दै बाँझो जमिनको उपयोगलाई प्रोत्साहन गरिनेछ। साथै, कृषि तथा पशुजन्य उद्यमशीलता, सहकारी र निजी लगानी प्रवर्द्धन गरी ग्रामीण रोजगारी सिर्जना र निर्यातमुखी उत्पादन प्रणाली विकास गर्दै कृषि क्षेत्रलाई दिगो आर्थिक वृद्धिको प्रमुख आधार बनाइनेछ।

**(ख) उद्योग, उद्यमशीलता, सेवा व्यापार तथा लगानी प्रवर्द्धन**

(१) स्थानीय स्रोत तथा कच्चा पदार्थमा आधारित उद्योग तथा व्यवसायको स्थापना, विस्तार र आधुनिकीकरण मार्फत उत्पादन तथा रोजगारी अभिवृद्धि गरिनेछ। साना, घरेलु तथा मझौला उद्योग, हस्तकला, कृषि, वन तथा जडिबुटी जन्य उद्योगको प्रवर्द्धन गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिइनेछ।

(२) युवा, महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायको उद्यमशीलता विकासका लागि सीप, प्रविधि, वित्तीय पहुँच र व्यवसायिक परामर्श सेवा विस्तार गरिनेछ। नवप्रवर्तन, स्टार्टअप, सूचना प्रविधि तथा डिजिटल उद्यमशीलतालाई प्रोत्साहन गर्दै ज्ञानमा आधारित अर्थतन्त्रको विकास गरिनेछ।

(३) पर्यटन, होटल, यातायात, सूचना प्रविधि तथा अन्य सेवा व्यापार क्षेत्रलाई आधुनिक, व्यवस्थित र प्रतिस्पर्धी बनाउँदै उच्च रोजगारी सिर्जना गरिनेछ। लगानीमैत्री वातावरण निर्माण, नीतिगत स्थायित्व, एकद्वार सेवा प्रणाली तथा सार्वजनिक-निजी साझेदारी मार्फत आन्तरिक तथा बाह्य लगानी आकर्षित गरिनेछ। औद्योगिक तथा व्यापारिक पूर्वाधार विकास, बजार पहुँच विस्तार र उत्पादनको ब्राण्डिङ तथा बजारीकरणमा जोड दिईनेछ।

(४) सम्भावित लगानीकर्तालाई प्रदेशका प्राथमिकता प्राप्त, सम्भावनायुक्त तथा लगानी योग्य परियोजनाहरू व्यवस्थित रूपमा प्रस्तुतिकरण गर्दै लगानीमैत्री वातावरण निर्माणका लागि लगानी पोर्टफोलियो विकास, एकद्वार सेवा प्रणाली, लगानी सम्मेलन, नीतिगत सरलीकरण तथा नियामकीय सुधार गरिनेछ।

**(ग) पर्यटन प्रवर्द्धन तथा स्थानीय आर्थिक विकास**

(१) प्रादेशिक आयमा पर्यटन क्षेत्रको योगदान बढाउन धार्मिक, सांस्कृतिक, आरोग्य, साहसिक र पर्यापर्यटन पूर्वाधारको विकास तथा पुरातात्विक सम्पदाको संरक्षणलाई प्राथमिकता दिइनेछ। साथै, प्रदेशका प्राकृतिक, ऐतिहासिक, पुरातात्त्विक, धार्मिक साँस्कृतिक, आध्यात्मिक महत्वका र

साहसिक पर्यटकीय क्षेत्रहरूको संरक्षण, संबर्द्धन, उपयोग र प्रचारप्रसार गरिनेछ।

(२) “देवभूमि नेपाल” अभियान तथा “भिजिट नेपाल २०८५” लाई दृष्टिगत गरी प्रदेशका पर्यटकीय गन्तव्यहरूको विकास तथा प्रवर्द्धन गरिनेछ। ग्रामिण पर्यटन, होमस्टे, पदमार्ग, सांस्कृतिक सम्पदा संरक्षण तथा स्थानीय उत्पादनसँग आबद्ध पर्यटन अर्थतन्त्रलाई सुदृढ गरिनेछ।

## ई) उत्थानशिल पूर्वाधार निर्माण आर्थिक विकासको आधार

१) प्रदेशको आर्थिक, सामाजिक तथा क्षेत्रीय विकासलाई टेवा पुग्ने गरी दिगो, सुरक्षित, वातावरणमैत्री, उत्थानशील तथा समावेशी पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ। कृषि, पर्यटन, उद्योग, व्यापार तथा सेवा क्षेत्रसँग आबद्ध आर्थिक पूर्वाधारहरूको एकीकृत विकास गरिनेछ। विपद् व्यवस्थापनमा स्रोत साधनको सुनिश्चितता र समुचित परिचालन गरी विपद् जोखिम न्यूनिकरण तथा विपदको अवस्थामा तत्काल खोज, उद्धार, राहत र पुनर्स्थापनाको लागि विशेष व्यवस्था मिलाइनेछ।

२) उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना तथा निजी लगानी प्रवर्द्धनमा प्रत्यक्ष योगदान गर्ने पूर्वाधार आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ। प्रदेशका हिमाली, पहाडी तथा तराई क्षेत्रको विकासमा सन्तुलन कायम गर्न दुर्गम तथा पिछडिएका क्षेत्रको पहुँच अभिवृद्धि गर्ने पूर्वाधार विकासमा विशेष जोड दिइनेछ।

३) सडक, पुल, खानेपानी, सिँचाइ, ऊर्जा, डिजिटल पूर्वाधार तथा शहरी पूर्वाधारको विकासलाई प्रदेशको विकास रणनीतिसँग आबद्ध गरी अघि बढाइनेछ। निर्माणाधीन तथा अधुरा आयोजनाहरूको समयमै सम्पन्नता सुनिश्चित गर्दै स्रोत सुनिश्चित भएका तथा उच्च प्रतिफलयुक्त आयोजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। विद्युत प्रसारण लाइनमा आबद्ध हुन नसकेका स्थानमा सौर्य तथा वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रमलाई जोड दिइनेछ। प्रदेशका सबै घरपरिवारलाई आधारभूत खानेपानी सेवाको पहुँच पुऱ्याउन आवश्यक कार्यक्रमहरु समावेश गरिनेछ।

४) ग्रामीण सडकलाई स्थानीय तह केन्द्र तथा आर्थिक गतिविधिसँग आबद्ध गर्दै झोलुङ्गे पुल निर्माण तथा यातायात सेवाको सुधारबाट दुर्गम क्षेत्रमा पहुँच विस्तार गरिनेछ। सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवा, सतह, भूमिगत तथा लिफ्ट सिँचाइ प्रणालीको विस्तार तथा कृषि-सिँचाइ समन्वय तथा ग्रामीण विद्युतीकरणलाई प्राथमिकता दिइनेछ।

५) शिक्षा, स्वास्थ्य, आन्तरिक प्रशासन तथा आर्थिक गतिविधिमा सम्वन्धी सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाई सुदृढीकरण गरिने। यातायात सेवालाई व्यवस्थित गर्न विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ।

६) पूर्वाधार विकासमा जलवायु अनुकूलता, सञ्चालन-मर्मत सम्भार, विपद् जोखिम न्यूनीकरण तथा दिगोपनलाई अनिवार्य आधारका रूपमा अवलम्बन गरिनेछ।

७) शान्ति-सुरक्षाको लागि आवश्यक पूर्वाधारको विकासमा जोड दिंदै प्रदेशको सुरक्षा व्यवस्थालाई सुदृढ र प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

## उ) शिक्षा, स्वास्थ्य तथा मानव पूँजी विकास

१) शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद क्षेत्रलाई मानव पूँजी विकासका आधार स्तम्भका रूपमा सुदृढ गरिनेछ। शिक्षालाई बजार मागमा आधारित जीवनोपयोगी, सीपयुक्त, रोजगारमुखी, प्रविधिमैत्री तथा नव-प्रवर्तनमुखी बनाइनेछ। विद्यालय तथा उच्च शिक्षा पूर्वाधार सुदृढ गर्दै विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनमा आधारित शिक्षा प्रणालीलाई प्रोत्साहन गरिनेछ।

२) दक्ष जनशक्ति उत्पादनको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा जोड दिंदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउन आवश्यक व्यवस्था गरिनेछ। विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरी अनुसन्धानमा आधारित समुन्नत समाज निर्माणमा टेवा पुर्‍याउन विज्ञान तथा प्रविधि क्षेत्रको क्षमता अभिवृद्धिमा जोड दिइनेछ।

३) सरुवा तथा संक्रामक रोग अस्पतालको पूर्वाधार निर्माण अन्तिम चरणमा पुगिसकेको अवस्थामा उक्त अस्पत्ताल सञ्चालन व्यवस्थापन गुरूयोजना तयार गरी

आवश्यक दक्ष जनशक्तिको प्रवन्ध गरी, क्षमता विकास र सेवा बिस्तारमा जोड दिइनेछ।

४) सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न "एयर लिफ्टिङ" लगायतका कार्यक्रमलाई निरन्तरता दिईनेछ। स्वास्थ्य क्षेत्रमा आधारभूत सेवाको पहुँच, दक्ष जनशक्ति, औषधि, उपकरण, पूर्वाधार तथा टेलिमेडिसिन सेवाको सुदृढीकरण गरिनेछ। मातृ तथा शिशु स्वास्थ्य, पोषण, खोप, नसर्ने रोग नियन्त्रण तथा मानसिक स्वास्थ्य सेवामा विशेष जोड दिइनेछ। युवा सीप विकास, रोजगार, क्षमता अभिवृद्धि, खेलकुद पूर्वाधार तथा प्रतिभा विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

## ऊ)सामाजिक न्याय, समावेशी विकास तथा लक्षित गरिबी न्यूनीकरण

१) दलित, थारू, आदिवासी जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, पिछडिएका वर्ग, विपन्न समुदाय तथा दुर्गम क्षेत्रका नागरिकका लागि समन्यायिक पहुँच, सामाजिक सुरक्षा, क्षमता विकास, स्वरोजगार तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ। शिक्षा, स्वास्थ्य, खानेपानी, सुरक्षित आवास, वित्तीय पहुँच, सम्मानजनक जीविकोपार्जन तथा सामाजिक सुरक्षामा समान पहुँच सुनिश्चित गरिनेछ।

२) गरिबी न्यूनीकरणलाई उत्पादनशील रोजगारी, सीप विकास, उद्यमशीलता तथा स्थानीय आर्थिक विकाससँग आबद्ध गर्दै लक्षित जिवीकोपार्जन कार्यक्रमहरु सञ्चालन गरिनेछ। लैङ्गिक उत्तरदायी, बालमैत्री, अपाङ्गता-समावेशी तथा परिणाममुखी बजेट प्रणालीलाई संस्थागत गरिनेछ।

३) प्रदेशको विभिन्न जातीय, धार्मिक, सामाजिक, भाषिक तथा साँस्कृतिक विविधतालाई संरक्षण एवं सम्वर्धन गर्दै प्रदेशभित्र रहेका संग्रहालय, धार्मिक तथा पुरातात्विक महत्वका संरचनाको विकास, बिस्तार र संरक्षण गरिनेछ।

४) युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता अभिवृद्धि गर्न युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउन आवश्यक कार्यक्रम ल्याइनेछ।

५) बेरोजगार नागरिकलाई रोजगारी प्रदान गर्न र स्वरोजगारी बढाउन उद्यमशीलता प्रवर्धन, बिउपुँजी, सहुलियतपूर्ण ऋण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। श्रमको उचित मूल्याङ्कन र श्रमजीवी वर्गको हित संरक्षण गर्दै श्रम तथा रोजगार प्रवर्द्धन गर्ने लगानी र कार्यक्रमलाई प्राथमिकता दिइनेछ। उत्पादनमुखी, रोजगारी र गरिबी निवारणका कार्यक्रमहरूलाई जोड दिइनेछ। व्यवसायमैत्री लगानीको वातावरण तयार गरिनेछ।

६) प्रदेशको स्रोत र साधनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच वृद्धि गरी सामाजिक, आर्थिक क्षेत्रलाई सुदृढ गर्दै सम्मानपूर्ण जीवनयापन गर्ने वातावरण निर्माण गर्न सहयोग पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

७) लैङ्गिक, जात जातीय तथा सामाजिक भेदभावलाई पूर्णरुपमा उन्मूलन गर्न दलित, उत्पीडित तथा पिछडिएका र अल्पसंख्यक समुदायहरूको आर्थिक-सामाजिक उत्थानका कार्यक्रमहरूलाई जोड दिइनेछ।

## ए) दिगो विकास, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन

१) जलवायु परिवर्तन, वातावरणीय जोखिम तथा प्राकृतिक विपद्का प्रभावलाई मध्यनजर गर्दै उत्थानशील, हरित तथा दिगो विकासलाई प्राथमिकतामा राखिनेछ। जोखिम प्रतिरोधात्मक पूर्वाधार, पूर्वसूचना प्रणाली, विपद् तयारी, खोज तथा उद्धार, पुनर्लाभ तथा पुनर्निर्माण क्षमताको विकास गरिनेछ।

२) वन, जैविक विविधता, जलाधार तथा प्राकृतिक सम्पदाको संरक्षण, पुनर्स्थापना तथा दिगो उपयोग सुनिश्चित गरिनेछ। हरित ऊर्जा, स्वच्छ प्रविधि, फोहोर व्यवस्थापन, कार्बन उत्सर्जन न्यूनीकरण तथा वातावरणमैत्री सहरीकरणलाई प्रोत्साहन गरिनेछ।

३) जलवायु परिर्वतन अनुकुलन न्यूनिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। विपद्बाट हुने क्षति न्यूनिकरण गर्न सबै तह र क्षेत्रसँग समन्वय र सहकार्य गर्ने र यस सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू समेत सञ्चालन गरिनेछ। भूकम्प, बाढी, पहिरो लगायत विपद्जन्य कारणबाट क्षतिग्रस्त आवास संरचनाहरूको पुनर्निर्माण गरिनेछ। भौतिक पूर्वाधार विकास तथा आयोजना कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन, जैविक विविधता, वातावरण संरक्षण तथा पर्यावरणीय

सन्तुलनलाई मध्यनजर गरी हरित विकासको प्रवर्द्धन गरिनेछ। दीगो विकासका राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन वातावरणमैत्री र हरित विकासको अवधारणालाई प्रदेश योजना, नीति, कानून एवम् कार्यक्रममा आन्तरिकीकरण तथा स्थानीयकरण गरिनेछ।

**माननीय सभामुख महोदय,**

विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकताका आधारमा तयार हुने बजेट तथा कार्यक्रमको इमानदार र प्रभावकारी कार्यान्वयनबाट प्रदेशमा विद्यमान शासकीय, आर्थिक-सामाजिक, वातावरणीय लगायतका समस्या र चुनौतीको सम्बोधन हुनुका साथै सिर्जित अवसरहरूको उपयोग गर्न सकिने र प्रदेशको द्वितीय पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, विगत सरकारका नीति तथा कार्यक्रम बमोजिमका लक्ष्य, उद्देश्य हासिल हुनेमा विश्वास लिएको छु।

विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकताका सम्बन्धमा यस सम्मानित प्रदेश सभामा गहन छलफल भई माननीय सदस्यहरूबाट विश्लेषणात्मक, यथार्थपरक र सिर्जनात्मक सुझावहरू प्राप्त हुने मैले अपेक्षा गरेको छु। सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ११ को उपदफा २(१) बमोजिम सम्मानित प्रदेश सभाबाट प्राप्त हुने सुझावलाई आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरी बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गर्ने विश्वास समेत दिलाउन चाहन्छु।

धन्यवाद